मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

• वर्ष ४ • अंक २९६ • २०८३ साल असोज १६ गते शुक्रबार • Friday 02, October 2026 • सूर्योदय: बिहान ०५:४७ बजे • सूर्यास्त: साँझ ०५:४३ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## टिपर पल्टिँदा एकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा टिपरबाट बालुवा–गिट्टी अनलोड गर्ने क्रममा पल्टिँदा पुरिएका एक क्रसर सञ्चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा मिथिला नगरपालिका–३, लालभित्तिस्थित औरही बाबा बालुवा प्रशोधन उद्योग सञ्चालक रामसागर महतोका छोरा ३६ वर्षीय हरि महतो छन्।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालका अनुसार बिहीबार बिहान करिब ७:२० बजे उद्योगमा प्रदेश २–०२–००१ ख ०१७१ नम्बरको टिपरबाट बालुवा–गिट्टी अनलोड गर्ने क्रममा अचानक पल्टिएको थियो । जेसीबीको सहयोगमा तत्काल उद्धार गरी महतोलाई जानकी मेडिकल कलेज, रमदैयामा पुऱ्याइएकोमा उपचारकै क्रममा बिहान १०:२० बजे महतोको मृत्यु भएको प्रहरीले जनाएको छ।
दुर्घटनामा टिपर चालक गणेशमान चारनाथ नगरपालिका–६, गोदारका करिब ३० वर्षीय हरि ब.बि.क. समेत घाइते भएका छन्।

# दैनिक २५० रुपैयाँमा ८ घण्टा ड्युटी, अतिरिक्त हुलाक कर्मचारीको पीडा !



**मधेशदृष्टि**
**वीरगंज।**
देशभरका अतिरिक्त हुलाक कार्यालयमा कार्यरत अस्थायी कर्मचारीहरूले न्यून पारिश्रमिकमा नियमित कार्यालय समयअनुसार काम गर्नुपरेको भन्दै सरकारसँग गुनासो गरेका छन्। वर्षौंदेखि हुलाक सेवामा काम गर्दै आएका उनीहरूले मासिक करिब ७ हजारदेखि ८ हजार रुपैयाँसम्म पारिश्रमिक पाउँदै आएको तर बढ्दो महँगीका कारण त्यसबाट घरपरिवार चलाउनसमेत कठिन भएको बताएका छन्।
विशेषगरी हल्कारा, पत्रवितरक तथा अन्य अतिरिक्त हुलाक कर्मचारीले आफूहरूलाई राज्यले श्रमअनुसारको उचित पारिश्रमिक र सेवा–सुविधा नदिएको गुनासो गरेका छन् । उनीहरूका अनुसार अहिले बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कार्यालयमा काम गर्नुपर्ने अवस्था छ । तर दिनभरको श्रमबापत करिब २५० रुपैयाँ मात्रै पारिश्रमिक प्राप्त हुन्छ । न्यूनतम ज्यालासँग तुलना गर्दा आफूहरूले पाउँदै आएको रकम निकै कम रहेको उनीहरूको भनाइ छ। महँगी निरन्तर बढिरहेका बेला दैनिक २५० रुपैयाँको पारिश्रमिकले खान, बस्न तथा परिवारको आवश्यकता पूरा गर्न धौधौ परेको उनीहरूले बताएका छन्।
पर्साको धोबीनी गाउँपालिका–४ लंगडीस्थित इलाका हुलाक कार्यालयमा अतिरिक्त हुलाक कर्मचारी तथा पत्रवितरकका रूपमा कार्यरत जितेन्द्र पटेलले आफूले एउटै पदमा २० वर्ष बिताइसकेको बताए । लामो समयसम्म सेवा गरे पनि आफ्नो आर्थिक अवस्था सुधार हुन नसकेको उनको गुनासो छ।
'देशमा धेरै परिवर्तन भयो । अब नयाँ सरकारले अतिरिक्त हुलाक कर्मचारीको समस्या समाधान गर्छ भन्ने आशामा काम गरिरहेका छौँ,' पटेलले भने, '२० वर्षदेखि काम गर्दै आए पनि खान–बस्न पुग्ने पारिश्रमिक र सेवा–सुविधा पाउन सकेका छैनौँ ।' उनका अनुसार विगतमा विभिन्न सरकारले अतिरिक्त हुलाक कर्मचारीको समस्या समाधान गर्ने आश्वासन दिए पनि व्यवहारमा पारिश्रमिक र सेवा–सुविधामा अपेक्षित सुधार हुन सकेको छैन।
लंगडीकै अतिरिक्त हुलाक कर्मचारी तथा पत्रवितरक ज्ञान्ती देवी पनि आफू १२ वर्षदेखि हुलाक सेवामा कार्यरत रहेको बताउँछिन्। लामो समयदेखि काम गरे पनि न्यून पारिश्रमिककै कारण आर्थिक समस्या झेल्नुपरेको उनको भनाइ छ। उनका अनुसार जिल्ला हुलाक कार्यालयबाट अनुगमनका क्रममा आउने अधिकारीहरूले सरकारी पोसाक र परिचयपत्रबारे प्रश्न गर्ने गरेका छन्। तर आफूहरूले पाउने पारिश्रमिकले आधारभूत आवश्यकता पूरा गर्नसमेत कठिन रहेकाले सरकारी पोसाक किन्न नसकेको उनले बताइन्।
'हाकिमहरू अनुगमनमा आउँदा सरकारी ड्रेस र कार्ड कहाँ छ भनेर सोध्नुहुन्छ,' उनले भनिन्, 'हामीले पाउने तलब ७ हजार २ सय रुपैयाँ हो। त्यो रकमबाट एक छाक टार्न ग्यास र चामल किन्ने कि सरकारी ड्रेस खरिद गर्ने ? आफ्नै गुजारा चलाउन समस्या छ।' उनले दैनिक २५० रुपैयाँको पारिश्रमिकले बढ्दो महँगी धान्न नसकिने बताइन् । 'महँगी दिनप्रतिदिन बढिरहेको छ। यस्तो पारिश्रमिकले खान–बस्नसमेत धौधौ भएको छ,' उनले भनिन्।
धोबीनी गाउँपालिका हुलाक कार्यालयमा कार्यरत अस्थायी अतिरिक्त हुलाक कर्मचारी तथा डाकवितरक भुसन पासवानले पनि आफू १० वर्षदेखि यही काममा रहेको बताए । तर १० वर्षको सेवापछि पनि आफ्नो पारिश्रमिक दैनिक २५० रुपैयाँमै सीमित रहेको उनको गुनासो छ।
'यो जागिरकै कारण हाम्रो जिन्दगी बरबाद भयो। गाउँबाहिर गएर अर्को काम गरेर कमाउन पनि सकिरहेका छैनौँ,' पासवानले भने, 'सरकारबाट आउने यही रकमले परिवार पाल्न समस्या भइरहेको छ । सरकारले केही गर्छ भन्ने आशामै बसेका छौँ।'

### 'अतिरिक्त कर्मचारी हुँदाहुँदै करारमा नयाँ नियुक्ति'

अतिरिक्त हुलाक कर्मचारीहरूले अर्को गम्भीर प्रश्न जिल्ला हुलाक कार्यालयबाट हुने करार नियुक्तिमाथि उठाएका छन् । उनीहरूका अनुसार गाउँपालिकास्तरमा रहेका हुलाक कार्यालयमा आफूहरू लामो समयदेखि कार्यरत हुँदाहुँदै नयाँ करार कर्मचारी नियुक्त गरेर पठाउने गरिएको छ।
अतिरिक्त हुलाक कर्मचारी हुँदाहुँदै राजनीतिक आधारमा करार कर्मचारी नियुक्त गर्दा राज्यको आर्थिक भार थपिने उनीहरूको आरोप छ । कतिपय हुलाक कार्यालयमा एक–दुई जना करार कर्मचारी पठाइए पनि नियमित कामको ठूलो हिस्सा भने पुरानै अतिरिक्त हुलाक कर्मचारीबाट गराउने गरिएको उनीहरूको दाबी छ।
उनीहरूका अनुसार यसअघि अतिरिक्त हुलाक कर्मचारीले बिहान १० बजेदेखि काम गर्दै आएका थिए । सरकार परिवर्तनपछि भने बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म नियमित कार्यालय समयअनुसार काम गर्नुपर्ने अवस्था आएको छ । कर्मचारीहरूले आफूहरूको कामको समय बढ्दै गए पनि पारिश्रमिक भने त्यसअनुसार वृद्धि नभएको बताएका छन्।

### 'श्रमअनुसारको पारिश्रमिक र सम्मान चाहियो'

वर्षौंदेखि हुलाक सेवामा काम गर्दै आएका अतिरिक्त कर्मचारीहरूले आफूहरूलाई अन्य श्रमिक तथा कर्मचारीसरह उचित पारिश्रमिक, सेवा–सुविधा र श्रमको सम्मान हुने व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । उनीहरूले लामो समयदेखि कायम रहेको न्यून पारिश्रमिकको समस्या तत्काल सम्बोधन गरी जीवनयापन गर्न पुग्ने पारिश्रमिक निर्धारण गर्नुपर्ने बताएका छन्।
वर्षौंसम्म सरकारी सेवाको काममा खटिएर पनि न्यून पारिश्रमिकमै सीमित हुनुपरेको भन्दै उनीहरूले नयाँ सरकारबाट ठोस निर्णयको अपेक्षा गरेका छन्।

# एक वर्षदेखि सम्पर्कविहीन महिलाको वीरगंजमा भाइसँग पुनर्मिलन



**मधेशदृष्टि**
**वीरगंज।**
करिब एक वर्षदेखि परिवारको सम्पर्कबाट बाहिर रहेकी भारतकी एक महिलाको मानवसेवा आश्रम वीरगंजको पहलमा परिवारसँग पुनर्मिलन भएको छ । परिवारसँग सम्पर्कविहीन रहेकी उनलाई परिवार पहिचान भएपछि बिहीबार भाइको जिम्मा लगाइएको हो । इलाका प्रहरी कार्यालय प्रसौनी, बाराले उद्धार गरी असोज ७ गते राति करिब १० बजे मानवसेवा आश्रम वीरगंजमा ल्याएकी ती महिलाको आश्रमको पहलमा पारिवारिक पहिचान खुलेको हो।
आश्रमका अनुसार उनी भारतको मोतिहारी जिल्ला, राजेपुर थाना, मोहम्मदपुर सागर गाउँकी हुन् । करिब एक वर्षदेखि परिवारसँग सम्पर्कविहीन रहेकी उनको अवस्थाबारे जानकारी पाएपछि आश्रमले परिवारको खोजी तथा पहिचानका लागि निरन्तर पहल गर्दै आएको थियो । खोजीका क्रममा परिवारसँग सम्पर्क स्थापित भएपछि उनलाई बिहीबार उनका भाइ सोहन रायको जिम्मा लगाइएको मानवसेवा आश्रमका संस्थापक अभियन्ता देवेश गुप्ताले जानकारी दिए।
गुप्ताका अनुसार लामो समयदेखि आफन्तको सम्पर्कबाट टाढा रहेकी महिलालाई परिवारसँग पुनः जोड्न सक्नु आश्रमको सेवाकार्यको महत्वपूर्ण उपलब्धि हो। परिवारको खोजी तथा पुनर्मिलनका लागि आश्रमले विभिन्न पक्षसँग समन्वय गर्दै आएको उनले बताए । महिलाको उद्धार गरी आश्रमसम्म ल्याउन सहयोग गर्ने इलाका प्रहरी कार्यालय प्रसौनी तथा परिवार पहिचानमा सहयोग गर्ने सामाजिक अभियन्ता विनय कुमारलगायत सबैप्रति आश्रमले आभार व्यक्त गरेको छ।
मानवसेवा आश्रमले सडक तथा सार्वजनिक स्थानमा अलपत्र अवस्थामा भेटिएका व्यक्तिको उद्धार गरी संरक्षण दिने, आफन्त तथा परिवारको खोजी गर्ने र सम्भव भएसम्म पारिवारिक पुनर्मिलन गराउँदै आएको जनाएको छ । एक वर्षदेखि परिवारबाट टाढा रहेकी महिलालाई आफन्तको जिम्मा लगाएर घर फर्काउन सफल भएपछि आश्रमको उद्धार तथा पुनर्मिलन अभियानले अर्को महत्वपूर्ण उपलब्धि हासिल गरेको छ।

# लामो समय एउटै कार्यालयमा बसेका २६ लेखा कर्मचारीको सरुवा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको अर्थ तथा योजना मन्त्रालयले प्रशासन सेवा, लेखा समूहका २६ कर्मचारीको सरुवा, कामकाज तथा दरबन्दी मिलान गरेको छ । मन्त्रालयले असोज १३ गते गरेको निर्णयअनुसार लामो समयदेखि एउटै कार्यालयमा कार्यरत कर्मचारीलाई हेरफेर गरिएको हो। सरुवा तथा दरबन्दी मिलानको सूचीमा छैटौं र सातौं तहका १२ जना अधिकृतस्तरका कर्मचारीसमेत छन्।
निर्णयअनुसार कृति पाण्डेलाई डिभिजन वन कार्यालय धनुषाबाट जलस्रोत तथा ऊर्जा विकास निर्देशनालय धनुषा, रञ्जनकुमार कर्णलाई डिभिजन वन कार्यालय पर्साबाट पूर्वाधार विकास कार्यालय बारा, उपेन्द्रकुमार यादवलाई डिभिजन वन कार्यालय बाराबाट पूर्वाधार विकास कार्यालय पर्सा र चन्दनकुमार रजकलाई श्रम तथा यातायात मन्त्रालय धनुषाबाट पूर्वाधार विकास कार्यालय सिरहा सरुवा गरिएको छ।
त्यसैगरी महेन्द्रप्रसाद सिंहलाई जलस्रोत तथा सिँचाइ विकास डिभिजन सप्तरीबाट ऊर्जा, सिँचाइ तथा खानेपानी डिभिजन सप्तरी र प्रेमप्रसाद पोखरेललाई जलस्रोत तथा सिँचाइ विकास डिभिजन रौतहटबाट ऊर्जा, सिँचाइ तथा खानेपानी डिभिजन रौतहटमा दरबन्दी मिलान गरिएको छ । शिवकुमार कुँवरलाई पूर्वाधार विकास कार्यालय सप्तरीबाट सोही कार्यालयमा कामकाजसहित डिभिजन वन कार्यालय सप्तरीमा, राजकुमार साहलाई पूर्वाधार विकास कार्यालय सिरहाबाट प्रादेशिक अस्पताल सिरहामा, समीर दाहाललाई पूर्वाधार

*बाँकी पृष्ठ ३ मा*

# १५ दिने अल्टिमेटमपछि पनि माग सम्बोधन नभएको भन्दै स्वास्थ्य मन्त्रीको राजीनामा माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा देखिएका समस्या सुधारका लागि दिएको १५ दिने अल्टिमेटम सकिँदासमेत प्रदेश सरकारले माग सम्बोधन नगरेको भन्दै मधेश युवा सञ्जालले स्वास्थ्य मन्त्रीको राजीनामा माग गरेको छ । सञ्जालमा आबद्ध युवाहरूले बिहीबार मधेस भवनअगाडि प्रदर्शन गर्दै स्वास्थ्य क्षेत्रमा देखिएका समस्या समाधानका लागि प्रदेश सरकार गम्भीर बन्नुपर्ने माग गरे । उनीहरूले माग सम्बोधन नभएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रीले राजीनामा दिनुपर्ने बताएका हुन्।
सञ्जालले गत भदौ ३० गते स्वास्थ्य क्षेत्र सुधारका लागि १३ बुँदे मागसहित प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएर १५ दिनभित्र माग सम्बोधनको प्रक्रिया अघि बढाउन आग्रह गरेको थियो। तर, समयसीमा सकिँदासमेत मन्त्रालयले ठोस निर्णय वा कार्ययोजना सार्वजनिक नगरेको सञ्जालको भनाइ छ । युवा सञ्जालका किसन साहले आफूहरूले बुझाएको ज्ञापनपत्रका विषयमा समेत स्वास्थ्य मन्त्रीले अनभिज्ञता प्रकट गरेको गुनासो गरे। उनका अनुसार मन्त्रालयबाट माग सम्बोधनका विषयमा स्पष्ट जवाफ नआएकाले आन्दोलनका कार्यक्रम अघि बढाइएको हो । सञ्जालले स्वास्थ्य क्षेत्रका समस्या सामान्य राजनीतिक वा प्रशासनिक विषय नभई नागरिकको स्वास्थ्य अधिकारसँग जोडिएको विषय भएकाले सरकारले गम्भीरतापूर्वक लिनुपर्ने जनाएको छ।
यसअघि सञ्जालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार

*बाँकी पृष्ठ ३ मा*



## सम्पादकीय

# इतिहास बोकेको कांग्रेस, परिवर्तनको दबाबमा नेतृत्व

नेपाली कांग्रेस केवल एउटा राजनीतिक दलको नाम होइन, आधुनिक नेपालको राजनीतिक परिवर्तनसँग जोडिएको लामो इतिहास हो । राणा शासनविरुद्धको संघर्षदेखि पञ्चायतविरोधी आन्दोलन, बहुदलीय व्यवस्थाको पुनःस्थापना, माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने पहल, राजतन्त्रको अन्त्य, गणतन्त्र स्थापना र संविधान निर्माणसम्म कांग्रेसले नेपाली राजनीतिको निर्णायक मोडमा भूमिका खेलेको छ। तर विडम्बना यही हो देशको राजनीतिक व्यवस्था पटक–पटक बदल्न नेतृत्व गरेको कांग्रेस आफैं भने समयअनुसार कति बदलियो भन्ने प्रश्न आज झन् गम्भीर बनेको छ।

२००३ सालमा नेपाली राष्ट्रिय कांग्रेसको गठनदेखि २००६ सालमा नेपाली कांग्रेसको निर्माणसम्मको यात्रा व्यवस्था परिवर्तनको लक्ष्यमा केन्द्रित थियो । २००७ सालको जनक्रान्ति त्यसको पहिलो ठूलो राजनीतिक सफलता बन्यो। २०१५ सालको निर्वाचनमा दुईतिहाइ बहुमत हासिल गर्दै बीपी कोइराला जननिर्वाचित प्रधानमन्त्री बने। त्यसबेला कांग्रेसको मूल ध्येय सत्ता प्राप्ति मात्र होइन, लोकतान्त्रिक व्यवस्था स्थापना गर्नु थियो । तर सत्ता प्राप्त गरेपछि कांग्रेसभित्रको आन्तरिक संघर्ष पनि सतहमा आयो। मातृकाप्रसाद कोइराला र बीपी कोइरालाबीचको मतभेददेखि लिएर पछिल्ला गुटगत संघर्षसम्म आइपुग्दा पार्टीको इतिहासमा विभाजन र अन्तरविरोध बारम्बार दोहोरिएका छन्।

२०१७ सालमा राजा महेन्द्रले निर्वाचित सरकार र संसद् विघटन गरेपछि कांग्रेस लामो समय लोकतन्त्र पुनःस्थापनाको संघर्षमा रह्यो । बीपीको नेतृत्वमा राजनीतिक संघर्षले निरन्तरता पायो। २०४६ सालको जनआन्दोलनमा गणेशमान सिंहको नेतृत्वमा कांग्रेस र वाम शक्तिबीचको सहकार्यले पञ्चायतको अन्त्य गर्‍यो। बहुदलीय व्यवस्था फर्किएपछि भने कांग्रेससामु नयाँ चुनौती आयो आन्दोलनकारी दलबाट शासन सञ्चालन गर्ने दलमा रूपान्तरण हुने चुनौती। २०४८ सालमा बहुमत प्राप्त गरेपछि कांग्रेसले उदार अर्थतन्त्र, निजी क्षेत्र, स्थानीय निर्वाचन तथा विकासका विभिन्न कार्यक्रम अघि बढायो । तर यही अवधिमा पार्टीभित्र गुटबन्दी, पदको प्रतिस्पर्धा र नेतृत्वबीचको संघर्ष पनि तीव्र बन्यो । आफ्नै बहुमतलाई व्यवस्थापन गर्न नसक्दा २०५१ सालमा मध्यावधि निर्वाचनको अवस्था सिर्जना भयो। यसले कांग्रेसलाई एउटा महत्वपूर्ण राजनीतिक पाठ दियो जनताबाट प्राप्त शक्ति पार्टीभित्रको शक्ति संघर्षभन्दा ठूलो हुन्छ। २०५९ सालको विभाजन कांग्रेसको इतिहासको अर्को पीडादायी अध्याय बन्यो । गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाबीचको संघर्षले पार्टी विभाजन गर्‍यो। माओवादी द्वन्द्व, संसद् विघटन र राजाको प्रत्यक्ष शासनतर्फ मुलुक अघि बढिरहेको समयमा कांग्रेस स्वयं आन्तरिक विभाजनमा फसेको थियो।

तर गिरिजाप्रसाद कोइरालाको राजनीतिक यात्रालाई केवल सत्ता संघर्षबाट मात्र बुझ्न सकिंदैन । २०६२/६३ को जनआन्दोलन, सात दल र माओवादीबीचको १२ बुँदे समझदारी तथा शान्ति प्रक्रियामा उनको भूमिका कांग्रेसको राजनीतिक रूपान्तरणसँग जोडिन्छ। राजतन्त्रसँग संघर्ष गरेको कांग्रेस अन्ततः माओवादीसँग सहकार्य गर्दै गणतन्त्रको बाटोमा पुग्यो।

यो आफैंमा पार्टीको राजनीतिक यात्रामा ठूलो परिवर्तन थियो। २०७२ सालमा संविधान जारी हुनु कांग्रेसका लागि अर्को ऐतिहासिक अध्याय बन्यो । सुशील कोइरालाको नेतृत्वमा संविधान निर्माण प्रक्रियामा कांग्रेसले प्रमुख भूमिका निर्वाह गर्‍यो । तर संविधान निर्माणपछि उठेको प्रश्न अझ महत्वपूर्ण थियो नयाँ संविधानअनुकूल कांग्रेस आफैं कति बदलिन्छ ? संघीयता आयो, समावेशिता संवैधानिक आधार बन्यो, राज्य संरचना परिवर्तन भयो। तर कांग्रेसको संगठन, निर्णय प्रणाली र नेतृत्व शैलीमा अपेक्षित रूपान्तरणको प्रश्न भने कायम रह्यो। यही अन्तरले कांग्रेसको वर्तमान संकटलाई बुझ्न मद्दत गर्छ। इतिहास परिवर्तन गर्ने पार्टीले आफ्नै संगठनभित्रको संस्कृति परिवर्तन गर्न सकेन भने इतिहासको गौरव मात्र भविष्यको राजनीतिक आधार बन्न सक्दैन। शेरबहादुर देउवाको लामो नेतृत्वकालमा कांग्रेस पटक–पटक सत्ताको केन्द्रमा रह्यो । विभिन्न दलसँग गठबन्धन गर्दै सरकार निर्माण र सञ्चालन गर्ने अभ्यासले कांग्रेसलाई सत्ता राजनीतिको महत्वपूर्ण खेलाडी बनायो। तर त्यससँगै नेतृत्व हस्तान्तरण, गुटगत राजनीति, संगठनात्मक जडता र नयाँ पुस्तालाई अवसर दिने विषयमा बहस पनि चर्किंदै गयो।

अब कांग्रेसको अगाडि मुख्य प्रश्न नेतृत्व परिवर्तन भयो कि भएन भन्ने मात्र होइन। प्रश्न यो हो नेतृत्वसँगै राजनीतिक संस्कार पनि बदलिन्छ कि बदलिँदैन ? गगन थापाको नेतृत्वमा आएको पुस्तान्तरणलाई यही प्रश्नको कसीमा हेर्नुपर्ने हुन्छ। नयाँ नेतृत्वले संगठनलाई कति लोकतान्त्रिक र पारदर्शी बनाउँछ, निर्णय प्रक्रियामा कार्यकर्ताको सहभागिता कसरी बढाउँछ, गुटगत संरचनालाई कसरी व्यवस्थापन गर्छ र बदलिँदो पुस्ताको अपेक्षासँग कांग्रेसलाई कसरी जोड्छ भन्ने विषय अब महत्वपूर्ण हुनेछन् । बीपीले कांग्रेसलाई प्रजातान्त्रिक संघर्षको बाटोमा अघि बढाए । गणेशमानले आन्दोलनलाई व्यापक जनसहकार्यसँग जोडे। गिरिजाप्रसादले कांग्रेसलाई शान्ति प्रक्रिया हुँदै गणतन्त्रको संक्रमणमा पुर्‍याए। सुशील कोइरालाले संविधान निर्माणको नेतृत्व गरे। देउवा युगले कांग्रेसलाई लामो समय सत्ता राजनीतिको केन्द्रमा राख्यो। अब नयाँ नेतृत्वसामु इतिहास दोहोर्‍याउने होइन, इतिहासबाट सिकेर नयाँ राजनीतिक अध्याय निर्माण गर्ने चुनौती छ। कांग्रेसको वास्तविक परीक्षा महाधिवेशनमा नेतृत्व चयन भएर सकिंदैन। त्यसपछि सुरु हुन्छ आफ्नै संगठन बदल्ने, कार्यशैली बदल्ने र बदलिएको समाजसँग आफ्नो सम्बन्ध पुनःपरिभाषित गर्ने परीक्षा । ८० वर्षको इतिहास बोकेको पार्टीका लागि सबैभन्दा ठूलो प्रश्न अब 'कति पुरानो ?' होइन, 'कति नयाँ बन्न सक्छ ?' भन्ने हो।

# बाढीले घर डुबायो, आनन्दबगरवासीलाई थातथलो छाड्ने चिन्ता

सन्तोष गौतम



**म्याग्दी।**

बेनी नगरपालिका–१ आनन्दबगरका रुद्रबहादुर थापाले लत्ताकपडा, भाँडाकुँडा र खाद्यान्न खेतमा तरकारी खेती गर्न बनाइएको प्लास्टिक थुपारेका छन्। घरभित्र पसेको बाढीको हिलो पन्छाउँदै बचेका सामान घाममा सुकाउनु उनकोको पछिल्लो चार दिनयताको दैनिकी बनेको छ। कालीगण्डकीमा यही असोज ११ गते आएको बाढीले आनन्दबगरका आठ वटा घरभित्रै पसेर ठूलो क्षति पुऱ्यायो। बाढीले केही सामान बगायो भने बाँकी सामान हिलाम्मे भएका छन्। भिजेका छन्। चार दिन बितिसक्दा पनि घरभित्रका सामान निकालेर सफा गर्ने काम सकिएको छैन। 'तीन भाइका सँगै रहेका तीन वटा घरको आधा तलासम्म बाढी पसेको थियो,' रुद्रबहादुरले भने, 'केही सामान बगायो। बचेका सामान खोजेर सरसफाइ र संरक्षण गर्ने काम चार दिनसम्म पनि सकिएको छैन। अब कहाँ बस्ने भन्ने टुङ्गो छैन।' व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका रुद्रबहादुरको समय अहिले खेतमा भन्दा बाढीले क्षति पुऱ्याएको घर र सामान व्यवस्थापनमै बितिरहेको छ। कालीगण्डकीमा फेरि बाढी आउने त्रासले साँझ आफन्तको घरमा गएर सुत्ने र बिहान आनन्दबगर फर्किएर घरभित्रको हिलो पन्छाउने उनकोको दिनचर्या बनेको छ।

रुद्रबहादुरको जस्तै पीडा भोजबहादुर जिसी, पम्मी जिसी, सविना जिसी र मानबहादुर खत्रीलगायत आनन्दबगरवासीको पनि छ। नदी किनारदेखि करिब २० मिटर दूरीमा रहेको बस्तीमा यसअघि यसरी बाढी पसेको आफूलाई थाहा नभएको ६० वर्षीया कमला जिसी बताउँछिन्। 'कालीगण्डकीमा मैले थाहा पाएदेखिकै ठूलो बाढी आयो,' उनले भनिन्, 'बाढीले भिजाएका सामान त धोइपखाली गरौँला तर बस्ती नै छोडेर जानुपर्ने अवस्था आउला भन्ने चिन्ताले सताएको छ।' जीवनभरको मेहनत खर्चिएर बनाएको घर बाढीले पुरिएर बस्नै नमिल्ने अवस्थामा पुगेपछि कमलाको मन खिन्न छ। घरमा भएका खाद्यान्न पनि बाढीले बगाएपछि उनकोको परिवारलाई बाससँगै गासको चिन्ता थपिएको छ।

**रातको त्रास**

आनन्दबगरका ८० वर्षीय कालुमान थापाका लागि यसपटकको बाढी जीवनभरको सम्झनामा रहेको मध्यको सबैभन्दा ठूलो हो। कालीगण्डकीको बाढी तटबन्ध र सडक नाघेर घरभित्र पसेपछि उनले भागेर ज्यान जोगाए। 'बेनीमा रहेका आफन्तले फोन गरेर बाढी आएको जानकारी गराए,' उनले भने, 'राति करिब १२:०० बजेको थियो। त्यसपछि भागेर ज्यान बचाउन सफल भयौँ।' अहिले पनि कालीगण्डकीको बहाव बढेको देख्दा स्थानीयवासी तर्सिन्छन्। दिनभर घर सफा र सामान व्यवस्थापन गरे पनि राति आफ्नै घरमा सुरक्षित भएर सुत्न सकिने अवस्था नरहेको उनीहरुको गुनासो छ।

**तरकारी खेतीबाट आत्मनिर्भर बनेको बस्ती**

मालढुङ्गा–बेनी सडक निर्माण हुनुअघि बागलुङ र पर्वततर्फबाट म्याग्दी आवतजावत गर्ने मानिसले आनन्दबगरको पदमार्ग प्रयोग गर्थे। सडक विस्तार भएपछि भने यहाँका बासिन्दाले व्यावसायिक तरकारी खेतीलाई आम्दानीको मुख्य माध्यम बनाएका थिए। सानो क्षेत्रफलमा तरकारी खेती गरेर स्थानीय बजारमा बिक्री गर्ने रुद्रबहादुरसहितका किसान स्वरोजगार र आत्मनिर्भर बन्दै आएका थिए तर अहिले बाढीले घरसँगै घरवरपरका करेसाबारीमा लगाएको तरकारी बालीमा क्षति पुऱ्याएको छ। बाढीले आनन्दबगरको खेलमैदान पुरेको छ। बेनीबाट आनन्दबगर जोड्ने सडक पहिरोका कारण क्षतिग्रस्त बनेको छ। खानेपानीको संरचनामा क्षति पुगेपछि स्थानीयवासीलाई थप समस्या भएको छ।

आनन्दबगरको माथिल्लो बस्ती भने दुई वर्षअघि कालीगण्डकी नदी किनारमा निर्माण गरिएको पक्की पर्खालका कारण बाढी र कटानबाट जोगिएको स्थानीयवासी लालबहादुर थापाले बताए। नदी किनारको बस्ती संरक्षणका लागि दीर्घकालीन संरचना निर्माण गर्नुपर्ने उनीहरुको माग छ। 'आनन्दबगरलाई तटबन्ध गरेर सुरक्षित र बस्नयोग्य बस्ती बनाउनुपर्छ,' स्थानीयवासी सविना जिसीले भनिन्, 'अहिले घरमा बस्न सकिने अवस्था छैन। बाढीको त्रास पनि उस्तै छ।'

**राहतसँगै दीर्घकालीन संरक्षणको माग**

बेनी नगरपालिका–१ का वडाध्यक्ष टेकबहादुर थापाले पछिल्लो वर्षापछि आएको बाढीले वडाभित्र सबैभन्दा ठूलो क्षति आनन्दबगरमा भएको बताए। उनकोका अनुसार सिममा एउटा र अर्जममा दुई वटा घरमा क्षति पुगेको छ। बाढीपहिरो प्रभावित परिवारलाई खाद्यान्नलगायत राहत सामग्री उपलब्ध गराइएको उनकोले बताए। खानेपानी आपूर्ति सहज बनाउन नगरपालिकामा पहल भइरहेको र दीर्घकालीन रुपमा बस्ती संरक्षणका लागि सङ्घीय सरकारको सहयोग आवश्यक रहेको उनको भनाइ छ। 'आनन्दबगरमा अल्पकालीन राहतको व्यवस्था मिलाएका छौँ। खानेपानीको समस्या समाधान गर्न पहल गर्छौं,' वडाध्यक्ष थापाले भने, 'दीर्घकालीन रुपमा बस्तीलाई सुरक्षित बनाउन तटबन्धलगायत संरचना निर्माणका लागि सङ्घीय सरकारको सहयोग आवश्यक छ।'

कालीगण्डकीको किनारमा रहेको आनन्दबगरले केही वर्षयता व्यावसायिक तरकारी खेतीबाट आफ्नो पहिचान बनाउँदै आएको थियो तर बाढीले यहाँका परिवारको घर, खाद्यान्न, खेतीपाती र भविष्यप्रतिको भरोसामा नै क्षति पुऱ्याएको छ। बाढीपछि घरको आँगनमा थुप्रिएको हिलो, खेतमा पुरिएको तरकारी र प्लास्टिक घरभित्र थुपारिएका घरायसी सामानले आनन्दबगरवासीको बदलिएको दैनिकी देखाउँछन्। उनीहरुको अहिलेको प्राथमिकता बाढीले बगाउन बाँकी रहेका सामान जोगाउनु र सुरक्षित बासको खोजी गर्नु बनेको छ। दीर्घकालीन रुपमा बस्ती संरक्षण नभए कालीगण्डकीको किनारमा पुस्तौँदेखि बस्दै आएका परिवारलाई आफ्नो थातथलो छाड्नुपर्ने अवस्था आउन सक्ने चिन्ता बढेको छ। रासस

# शिक्षा क्षेत्रमा नीतिगत सुधारदेखि 'डिजिटल' सेवा विस्तारसम्म

सिबी अधिकारी




**काठमाडौँ।**

शिक्षा तथा खेलकुद मन्त्रालयले सरकार गठन भएको पछिल्लो छ महिनामा शिक्षा, खेलकुद र सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गरेको छ। मन्त्रालयका अनुसार २०८२ चैत १३ देखि २०८३ असोज १२ गतेसम्म विभिन्न विश्वविद्यालयमा पदाधिकारी नियुक्ति, विद्यालय शिक्षा सुधार, खेलाडीलाई पुरस्कार, 'डिजिटल' सेवा विस्तार तथा नागरिक गुनासो सुनुवाइजस्ता क्षेत्रमा काम अघि बढाइएको छ। मन्त्रालयका प्रवक्ता एवम् सहसचिव श्रीप्रसाद भट्टराईका अनुसार विश्वविद्यालयका उपकुलपति तथा शिक्षक सेवा आयोगका पदाधिकारी खुला र प्रतिस्पर्धात्मक प्रक्रियाबाट सिफारिस भएकामध्येबाट नियुक्त गरिएको छ।

विश्वविद्यालयमा दलीय विद्यार्थी सङ्गठनले प्रयोग गर्दै आएका भौतिक संरचना खाली गरी विद्यार्थी काउन्सिल गठनको प्रक्रिया अघि बढाइएको तथा स्नातक तहसम्म अध्ययनका लागि नागरिकता अनिवार्य नहुने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ। शिक्षा क्षेत्रमा कानुनी सुधारअन्तर्गत शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा संशोधनमार्फत विद्यालय व्यवस्थापनमा राजनीतिक प्रभाव न्यून गर्ने प्रयास गरिएको छ।

संयुक्त तथा दोहोरो उपाधि कार्यक्रम, वृत्ति मार्गनिर्देशन सेवा, विदेशी शैक्षिक कार्यक्रम तथा शैक्षिक परामर्शसम्बन्धी नयाँ नियमावली र निर्देशिका जारी गरिएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावलीमा छैटौँ संशोधन गरी राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप कार्यान्वयनको कानुनी आधार तयार गरिएको छ। यस्तै, जेन–जी आन्दोलनका सहिद परिवार तथा घाइतेलाई निःशुल्क शिक्षा प्रदान गर्ने मापदण्ड कार्यान्वयनमा ल्याइएको मन्त्रालयले जनाएको छ।

विद्यालय शिक्षातर्फ 'सिकाइ चौतारी' एपमार्फत ३६ हजार २८९ शिक्षकलाई अनलाइन अभिमुखीकरण गरिएको छ। मन्त्रालयका अनुसार पोर्टलमा दुई लाख २० हजार ७५० प्रयोगकर्ता छन्। यस्तै, चार लाख ५६ हजार ८२६ जनाले एप इन्स्टल गरेका छन्। अटिजम तथा न्युरोडाइभर्सिटी भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न सातै प्रदेशमा नमूना केन्द्र स्थापना गर्ने तयारी गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनका लागि विज्ञ टोली गठन गरिएको तथा सरोकारवालासँग परामर्श गरी विद्यालय शिक्षा विधेयकको मस्यौदा तयार गर्ने काम अघि बढाइएको भट्टराईले जानकारी दिए। खेलकुदतर्फ अन्तरराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने १०४ जना खेलाडीलाई रु १० करोड ८३ लाख ४८ हजार नगद पुरस्कार वितरण गरिएको मन्त्रालयले जनाएको छ। यस अवधिमा विभिन्न खेलका १९२ प्रतियोगितामा सहभागिता जनाउँदा नेपालले ५१ स्वर्ण, २२ रजत तथा १९ कास्य पदक प्राप्त गरेको विवरणमा उल्लेख छ।

'मिसन २०२६' अन्तर्गत राष्ट्रिय टोलीको तयारी तथा विशेष प्रशिक्षण सञ्चालन गरिएको छ। लामो समयदेखि रोकिएको दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति र स्थान तोकेर तयारी अघि बढाइएको मन्त्रालयले जनाएको छ। नेपाल स्काउटमार्फत ६९६ जनालाई स्काउट तालिम र ७० जनालाई विपद् व्यवस्थापनसम्बन्धी तालिम प्रदान गरिएको छ। विभिन्न सामाजिक तथा सांस्कृतिक गतिविधिमा २३ हजार १७५ जना स्वयंसेवक परिचालन गरिएको छ। सार्वजनिक सेवा प्रवाहतर्फ मन्त्रालय र मातहतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी कार्यविवरण तयार गरिएको छ। प्रमुख कार्यसम्पादन सूचक र बिजनेस प्रोसेस रिइन्जिनियरिङ प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याइएको मन्त्रालयले जनाएको छ।

नागरिकका गुनासो सुनुवाइका लागि बहुच्यानल हेल्पडेस्क स्थापना गरिएको छ। 'हेलो सरकार' अन्तर्गत प्राप्त २१२ वटा उजुरी तथा गुनासो सबै फछ्र्योट गरिएको छ।

परीक्षाको नतिजा प्रकाशनमा समय घटाइएको छ। माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा परीक्षा सम्पन्न भएको एक महिनाभित्र र कक्षा १२ को नतिजा ४० दिनभित्र प्रकाशन गरिएको छ। विश्वविद्यालयमा ६५ दिनभित्र नतिजा प्रकाशन गर्ने अभ्यास सुरु गरिएको मन्त्रालयले जनाएको छ। वैदेशिक अध्ययन अनुमति–पत्र (एनओसी) प्रक्रियालाई पूर्ण अनलाइन प्रणालीमा लैजान 'एनओसी अनलाइन' प्रणालीलाई १० वटा विश्वविद्यालयसँग अन्तरआबद्ध गरिएको छ। डिजिटल सिग्नेचर प्रमाणीकरण तथा जिआइओएमएससम्बन्धी काम सम्पन्न भएको मन्त्रालयको भनाइ छ।

मन्त्रालयका अनुसार त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालय, राष्ट्रिय खेलकुद परिषद्, नेपाल स्काउट, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्रसँग सम्बन्धित विभिन्न कार्यदलको प्रतिवेदन कार्यान्वयन सुरु गरिएको छ। त्रिभुवन विश्वविद्यालयमा अध्ययन बिदामा गएर तोकिएको समयमा नफर्किएका करिब ४०० प्राध्यापकबाट फिर्ता हुनुपर्नेमध्ये हालसम्म करिब रु १६ करोड ५० लाख फिर्ता भएको मन्त्रालयको विवरणमा उल्लेख छ। मन्त्रालयले पछिल्लो छ महिनाका कामलाई सार्वजनिक सेवा प्रवाहमा प्रणालीगत सुधार, शिक्षा तथा खेलकुद क्षेत्रमा दीर्घकालीन नीतिगत तयारी र शैक्षिक सुशासन सुदृढ गर्ने प्रयासका रूपमा प्रस्तुत गरेको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# पाँच वर्षपछि सालीको मृत्यु प्रकरणमा

## एमाले नेता जालिम मियाँका छोरा जाफिर पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा एमालेका नेता तथा पर्साको जगरनाथपुर गाउँपालिकाका पूर्वअध्यक्ष जालिम मियाँका कान्छा छोरा जाफिर मियाँ मन्सुरीलाई प्रहरीले पक्राउ गरेको छ।



ज्यानसम्बन्धी कसुर तथा सार्वजनिक न्यायविरुद्धको कसुरमा अनुसन्धानका लागि उनलाई बुधबार वीरगंजबाट पक्राउ गरिएको हो। जगरनाथपुर गाउँपालिका–५ का स्थायी बासिन्दा तथा हाल वीरगंज महानगरपालिका–१३ मुर्लीमा बस्दै आएका करिब ४० वर्षीय मन्सुरीलाई बुधबार दिउँसो पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए। मन्सुरी भैंसी तथा पाडाको व्यापार गर्दै आएका छन्।

प्रहरीका अनुसार मन्सुरीमाथि आफ्नै सालीको मृत्यु प्रकरणमा संलग्न रहेको आरोप छ। जगरनाथपुर गाउँपालिका–४ निवासी उनकी अविवाहित सालीको मृत्यु भएको घटनामा यसअघि उनका दाजु नासिर अहमदलाई पनि प्रहरीले पक्राउ गरिसकेको छ। नासिर हाल प्रहरी हिरासतमा छन्।

**पाँच वर्षअघि गुपचुप शव गाड्ने प्रयास**

प्रहरीका अनुसार २०७८ साल असोज २१ गते ती युवतीको शव वीरगंज महानगरपालिका–१३ मुर्लीस्थित कब्रस्तानमा प्रहरीलाई जानकारी नदिई गाड्ने प्रयास गरिएको थियो। शव गाड्न लागिएको सूचना पाएपछि प्रहरीले घटनास्थलबाट नासिर, जाफिरलगायत व्यक्तिलाई नियन्त्रणमा लिएको थियो।

अनुसन्धानका क्रममा युवतीमाथि जबर्जस्ती करणी भएको र त्यसपछि अत्यधिक रक्तश्रावका कारण सिकिस्त अवस्थामा गाउँकै एक क्लिनिकमा उपचारका क्रममा उनको मृत्यु भएको आरोपसमेत प्रहरीले उल्लेख गरेको छ।

मृत्युपछि घटना लुकाउने उद्देश्यले शवलाई वीरगंज ल्याएर कब्रस्तानमा गुपचुप रूपमा गाड्न खोजिएको आरोप छ। सोही घटनाको अनुसन्धानका क्रममा प्रहरीले संलग्नताको आरोप लागेका व्यक्तिहरूमाथि अनुसन्धान अघि बढाएको हो।

**पाँच वर्षपछि फेरि अनुसन्धान तीव्र**

घटना भएको करिब पाँच वर्षपछि प्रहरीले नासिर र जाफिरलाई पक्राउ गरेर अनुसन्धानलाई पुनः अगाडि बढाएको जनाएको छ। यसअघि राजनीतिक पहुँचका कारण घटनाको अनुसन्धान प्रभावकारी रूपमा अघि नबढाइएको आरोपसमेत लाग्दै आएको थियो।

प्रहरीले भने अहिले घटनालाई पुनः अनुसन्धानको दायरामा ल्याइएको जनाएको छ। घटनामा संलग्न रहेको आरोप लागेका अन्य व्यक्तिहरू अझै फरार रहेको र उनीहरूको खोजी भइरहेको प्रहरी प्रवक्ता मल्लले बताए।

पक्राउ परेका जाफिरमाथि ज्यानसम्बन्धी कसुर तथा सार्वजनिक न्यायविरुद्धको कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घटनाको वास्तविकता विस्तृत अनुसन्धानपछि थप स्पष्ट हुने प्रहरीको भनाइ छ।

# १७ मध्ये १० स्थानीय तहको खाता संचालनमा आएन

**मधेशदृष्टि**
**सिरहा।**
चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि सिरहाका १७ स्थानीय तहमध्ये १० वटा पालिकाको बैंक खाता सञ्चालनमा आउन सकेको छैन। आवश्यक कानुनी प्रक्रिया पूरा हुन नसक्दा ती पालिकाको आर्थिक कारोबार प्रभावित भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाका अनुसार जिल्लाका १७ मध्ये सातवटा पालिकाको मात्र बैंक खाता सञ्चालनमा आएको छ। बाँकी १० पालिकाले हालसम्म खाता सञ्चालन गर्न सकेका छैनन्। खाता सञ्चालनमा आउन नसकेका स्थानीय तहमा सिरहा, लहान, धनगढीमाई र मिर्चैया नगरपालिका तथा विष्णुपुर, नरहा, अर्नमा, औरही, नवराजपुर र भगवानपुर गाउँपालिका रहेका छन्।

पालिकाको खाता सञ्चालन हुन नसक्दा शिक्षक कर्मचारीको तलव र स्थानीय विकास निर्माणको भूक्तानी समेत अवरुद्ध बनेको छ।

# तीव्र गतिमा रहेको मोटरसाइकल अनियन्त्रित हुँदा रौतहटमा युवकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटमा मोटरसाइकल दुर्घटनामा परी एक युवकको मृत्यु भएको छ। बौधिमाई नगरपालिका–८ स्थित मौलापुर–बंकुल भित्री सडकखण्डमा बुधबार राति भएको दुर्घटनामा परोहा नगरपालिका–९ का २८ वर्षीय दीपेन्द्र दासको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार दास मौलापुरबाट बंकुलतर्फ भारतीय नम्बर प्लेट बीआर ०५ एयू ०९०५ नम्बरको मोटरसाइकलमा जाँदै थिए। तीव्र गतिमा रहेको मोटरसाइकल अनियन्त्रित भएपछि सडकमा दुर्घटना भएको प्रारम्भिक जानकारी प्रहरीले दिएको छ। रातिको समयमा दुर्घटना भएकाले घटनाबारे थप विवरण अनुसन्धानपछि खुल्ने प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका दासको मृत्यु भएपछि प्रहरीले कानुनी प्रक्रिया पूरा गरी शव परीक्षण गराएको थियो। त्यसपछि शव अन्त्येष्टिका लागि परिवारको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए। घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ११ बैंकिङ कसुर मुद्दामा दोषी ठहरः

## रौतहटका निर्माण व्यवसायी साह कारागार चलान

**मधेशदृष्टि**
**रौतहट।**
रौतहट जिल्ला अदालतबाट बैंकिङ कसुरसम्बन्धी ११ वटा मुद्दामा दोषी ठहर भई फरार रहेका निर्माण व्यवसायी दया राम प्रसाद साह पक्राउ परेका छन्। अदालतको फैसला कार्यान्वयनका क्रममा पक्राउ परेका साहलाई कैद भुक्तानका लागि कारागार कार्यालय गौर पठाइएको प्रहरीले जनाएको छ।



गरुडा नगरपालिका–७ भीमडावर निवासी साहलाई जिल्ला प्रहरी कार्यालय रौतहटले खोजतलासका क्रममा पक्राउ गरेको हो। अदालतको फैसलाअनुसार उनले ३ महिना १५ दिन कैद र ५६ लाख ८२ हजार ५ सय रुपैयाँ जरिवाना भुक्तान गर्नुपर्नेछ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बसन्त गौतमका अनुसार देवेंद्र कुमार कर्णसहित ११ जनाले छुट्टाछुट्टै दिएको ११ वटा बैंकिङ कसुरसम्बन्धी मुद्दामा साह दोषी ठहर भएका थिए। अदालतको फैसला कार्यान्वयनका लागि खोजी भइरहेको अवस्थामा साहलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउपछि उनलाई रौतहट जिल्ला अदालतमा उपस्थित गराइएको थियो।

अदालतको आदेशअनुसार कैद भुक्तानका लागि कारागार कार्यालय गौर चलान गरिएको हो। प्रहरीका अनुसार निर्माण व्यवसायमा संलग्न साहले आफ्नो खातामा पर्याप्त रकम नभएको अवस्थामा चेक जारी गरेको आरोपमा बैंकिङ कसुरसम्बन्धी मुद्दा खेपेका थिए।

रौतहटमा भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा परिचित रहेका साहविरुद्धका मुद्दामा अदालतबाट फैसला भएपछि उनी फरार रहेका थिए। प्रहरीले फैसला कार्यान्वयनअन्तर्गत पक्राउ गरी अदालतमा बुझाएको जनाएको छ।

# संस्थागत विद्यालयका विद्यार्थीलाई

## सरकारी छात्रवृत्तिमा विभेद नगर्न एनप्याब्सनको माग



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन) ले संस्थागत विद्यालयबाट एसईई उत्तीर्ण गरेका विद्यार्थीलाई उच्च शिक्षामा प्रदान गरिने सरकारी छात्रवृत्तिमा विभेद नगर्न मधेश प्रदेश सरकारसँग माग गरेको छ। एनप्याब्सन मधेशका अध्यक्ष प्रभुलाल प्रसाद कुशवाहाको नेतृत्वमा गएको शिक्षकहरूको टोलीले शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहलाई ध्यानाकर्षणपत्र बुझाउँदै संस्थागत विद्यालयका समस्या समाधान र छात्रवृत्तिसम्बन्धी नीतिगत सुधारको माग गरेको हो।

एनप्याब्सनका अनुसार संस्थागत विद्यालयले विद्यालय तहमा कुल विद्यार्थी संख्याको १० प्रतिशत गरिब, जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति दिँदै आएका छन्। तर, संस्थागत विद्यालयबाट कक्षा १० अर्थात् एसईई उत्तीर्ण गरेका विद्यार्थीलाई उच्च शिक्षाका लागि सरकारी छात्रवृत्तिमा आवेदन दिनबाट वञ्चित गर्ने व्यवस्था रहेको भन्दै एसोसिएसनले त्यसलाई पुनरावलोकन गर्न माग गरेको छ।

छात्रवृत्ति उपलब्ध गराउँदा विद्यार्थीले अध्ययन गरेको विद्यालय सरकारी वा संस्थागत भन्ने आधार बनाउनुको सट्टा उसको शैक्षिक योग्यता, आर्थिक तथा सामाजिक अवस्था र अध्ययन गर्न चाहेको विषयलाई आधार बनाउनुपर्ने एनप्याब्सनको भनाइ छ। ध्यानाकर्षणपत्रमा छात्रवृत्ति विद्यार्थीको आवश्यकता र योग्यताका आधारमा उपलब्ध गराइनुपर्ने उल्लेख गर्दै विद्यालयको प्रकृतिका आधारमा अवसरबाट वञ्चित गर्ने व्यवस्था हटाउन माग गरिएको छ।

ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री सिंहले सम्बन्धित सबै पक्षसँग समन्वय गरी संस्थागत विद्यालयका प्रतिनिधिले उठाएका विषय सम्बोधन गर्न पहल गर्ने बताएका छन्। एनप्याब्सनले मुलुकभर १० हजारभन्दा बढी संस्थागत विद्यालय सञ्चालनमा रहेको उल्लेख गर्दै विशेषगरी मधेश प्रदेशका दुर्गम क्षेत्रमा सञ्चालित विद्यालयले भोगिरहेका समस्याको समाधानका लागि आवश्यक नीतिगत पहल गर्न पनि मन्त्री सिंहसमक्ष माग गरेको छ।

# केन्द्रिय महाधिवेशन प्रतिनिधिमा चौहान सर्वसम्मत

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर १ बाट पेशागत क्षेत्रतर्फको केन्द्रीय महाधिवेशन प्रतिनिधिमा पत्रकार दीपेन्द्र चौहान सर्वसम्मत चयन भएका छन्। चौहान लामो समयदेखि पत्रकारिता तथा सञ्चार क्षेत्रमा सक्रिय रहेका छन्। उनी अंकुश दैनिकका अध्यक्ष तथा प्रधान सम्पादक छन्।

चौहान नेपाल पत्रकार महासंघ पर्साका पूर्व अध्यक्ष, मधेश प्रदेशका प्रथम निर्वाचित अध्यक्ष तथा महासंघका पूर्व केन्द्रीय सचिवसमेत रहिसकेका छन् भने प्रेस काउन्सिल नेपालको सदस्यका रूपमा समेत जिम्मेवारी निर्वाह गरिसकेका छन्।

# बाँध भत्किएपछि जलेश्वर जलमग्न, आवतजावतमा समस्या

**मधेशदृष्टि**
**जनकपुरधाम।**
रातु नदीको बाँध भत्किएपछि नदीको पानी महोत्तरी सदरमुकाम जलेश्वरका बस्ती तथा सडकमा पस्दा नगर क्षेत्र जलमग्न भएको छ।



रातु नदीको पानी जलेश्वरनाथ महादेव मन्दिर आसपासका क्षेत्र, नगरभित्रका सडक तथा बस्तीमा पसेपछि स्थानीयको दैनिक जनजीवन प्रभावित भएको हो। सडकमा पानी जम्दा आवतजावतमा समेत समस्या भएको छ।

महोत्तरीको मडै, बदिया बञ्चौरी र गोरिगामामा रातु नदीको बाँध भत्किएपछि पानी जलेश्वरतर्फ प्रवेश गरेको हो। असोज ९ देखि ११ गतेसम्म भएको अविरल वर्षाका कारण नदीमा पानीको बहाव बढेपछि बाँध भत्किएको बताइएको छ। बाँध भत्किएपछि बिहीबारदेखि नै जलेश्वरका विभिन्न स्थानमा पानी जम्न थालेको थियो। पानीको निकास सहज नहुँदा जलेश्वरनाथ महादेव मन्दिर आसपासका सडक तथा बस्तीमा अझै पानी जमेको छ।

नदीको पानी बस्तीमा पसेपछि दैनिक उपभोगका काम प्रभावित भएका छन्। स्थानीयलाई घरबाहिर निस्कन तथा आवतजावत गर्न समस्या भएको छ। नदीको पानीले आसपासका खेतमा लगाइएको धानबालीमा समेत क्षति पुगेको स्थानीयले बताएका छन्।

स्थानीयका अनुसार रातु नदीमा निर्माण गरिएको बाँध कमजोर भएकाले वर्षायाममा नदीको बहाव बढ्दा हरेक वर्ष बस्तीमा पानी पस्ने समस्या दोहोरिने गरेको छ। पटक–पटक समस्या देखिए पनि बाँधको दीर्घकालीन व्यवस्थापन हुन नसकेको उनीहरूको गुनासो छ।

यता, जिल्ला प्रशासन कार्यालय महोत्तरीले रातु नदीको बाँध भत्किएको स्थानमा मर्मतको काम भइरहेको जनाएको छ। बाँध मर्मत गरी नदीको पानी बस्तीमा थप पस्न नदिने तथा प्रभावित क्षेत्रमा जमेको पानीको निकास व्यवस्थापन गर्ने काम भइरहेको प्रशासनले जनाएको छ।

# लामो समय एउटै कार्यालयमा...

विकास कार्यालय सर्लाहीबाट डिभिजन वन कार्यालय सर्लाहीमा र शिवशंकर चौधरीलाई पूर्वाधार विकास कार्यालय रौतहटबाट कृषि ज्ञान केन्द्र रौतहटमा सरुवा गरिएको छ। यस्तै सुबोधकुमार यादवलाई पूर्वाधार विकास कार्यालय बाराबाट डिभिजन वन कार्यालय पर्सा तथा सुरेन्द्र राय यादवलाई पूर्वाधार विकास कार्यालय पर्साबाट डिभिजन वन कार्यालय बारामा सरुवा गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले सरुवा तथा दरबन्दी मिलानसम्बन्धी विवरण आफ्नो वेबसाइटमार्फत सार्वजनिक गरेको छ। यसअघि पनि मन्त्रालयले भदौको दोस्रो साता ७६ जना कर्मचारीको सरुवा गरेको थियो। त्यतिबेला दुई वर्षभन्दा बढी समय एउटै कार्यालयमा कार्यरत लेखा अधिकृत तथा लेखापाललाई सरुवा गरिएको थियो।

मन्त्रालयले लामो समय एउटै कार्यालयमा रहेका कर्मचारीको व्यवस्थापन गर्दै लेखा समूहका कर्मचारीलाई आवश्यकता र दरबन्दीअनुसार विभिन्न निकायमा खटाउने नीति अघि बढाएको जनाएको छ। पछिल्लो निर्णय पनि सोही प्रक्रियाको निरन्तरताका रूपमा आएको हो।

# १५ दिने अल्टिमेटमपछि पनि माग सम्बोधन...

यादवलाई ज्ञापनपत्र बुझाउँदै प्रदेशको स्वास्थ्य सेवा प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउन तत्काल सुधारका कदम चाल्न माग गरेको थियो। ज्ञापनपत्रमा प्रादेशिक अस्पताल जनकपुरधाममा नवजात शिशुको मृत्यु, राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा आर्थिक अभावका कारण सुत्केरी महिला अस्पतालबाहिरै सुत्केरी हुनुपरेको भनिएको घटना तथा जनकपुरधामस्थित मुस्कान अस्पतालमा पित्तथैलीको शल्यक्रियापछि बिरामीको मृत्यु भएको भनिएको घटनाबारे छानबिन गर्न माग गरिएको थियो।

यी घटनासहित प्रदेशभर स्वास्थ्य क्षेत्रमा देखिएका समस्या र विकृतिको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न तथा दोषी देखिए कानुनअनुसार कारबाही गर्न सञ्जालले माग गरेको छ। माग सम्बोधन नभए आन्दोलनलाई थप प्रभावकारी बनाउने सञ्जालले जनाएको छ।

# करेन्ट लागेर युवकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा विद्युत् मर्मत गर्ने क्रममा करेन्ट लाग्दा एक युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा क्षिरेश्वरनाथ नगरपालिका–९ औराहा टोलका ३२ वर्षीय श्रवण साह रहेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार घटना बिहीबार बिहान पौने १० बजेतिर भएको हो।

प्रहरीका अनुसार छिमेकीको घरमा विद्युत् बिग्रिएपछि मर्मत गरिदिन आग्रह गरिएपछि साह बिजुलीको पोलमा चढेका थिए। मर्मत गर्ने क्रममा अचानक करेन्ट लाग्दा उनी पोलबाट खसेका थिए। करेन्ट लागेर गम्भीर घाइते भएका साहको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी ओमप्रकाश खनालले घटनापछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी साहको शव पोस्टमार्टमका लागि बिहीबार दिउँसो प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको जानकारी दिए। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# दशैँ, तिहार र छठअघि नगराइनमा सरसफाइ र सडक व्यवस्थापन गर्न माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपालीहरूको महान् पर्व दशैँ, दीपावली तथा छठ नजिकिँदै गर्दा धनुषाको नगराइन नगरपालिकामा सरसफाइ, सडक व्यवस्थापन र सार्वजनिक पूर्वाधार सुधार गर्न माग गरिएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी नगराइन नगरपालिका–७ का सभापति रामचन्द्र शर्माले नगरप्रमुख विनय यादव र वडा नं. ७ का वडाध्यक्ष सूर्यनारायण साहलाई ज्ञापनपत्र बुझाउँदै चाडपर्वअघि नगर क्षेत्रको सरसफाइ तथा सडक व्यवस्थापनमा ध्यान दिन माग गरेका हुन्। ज्ञापनपत्रमा नगर क्षेत्रका सडक तथा बाटोघाटोमा रहेका अतिक्रमण र अवरोध हटाउन, आवश्यक स्थानमा डोजर प्रयोग गरी सडक तथा सार्वजनिक स्थल सफा गर्न र सडकका पोलमा आवश्यक बत्ती जडान गर्न माग गरिएको छ। त्यस्तै, मुख्य सडक, चोक तथा बजार क्षेत्रमा पर्याप्त डस्टबिन राख्न र चाडपर्वका बेला नगर क्षेत्रलाई स्वच्छ, सुरक्षित तथा व्यवस्थित बनाउन स्थानीय तहको ध्यानाकर्षण गराइएको छ।

ज्ञापनपत्र बुझाउँदै शर्माले दशैँ, दीपावली र छठका बेला नागरिकको आवतजावत सहज बनाउन सडक तथा सार्वजनिक स्थानको व्यवस्थापन आवश्यक रहेको बताए। चाडपर्वलाई व्यवस्थित रूपमा मनाउन नगर क्षेत्रको सरसफाइ, सडक व्यवस्थापन र सार्वजनिक पूर्वाधारमा स्थानीय तहले प्राथमिकता दिनुपर्ने उनको भनाइ छ। नगरवासीका समस्या र आवश्यकतालाई सम्बन्धित निकायसमक्ष पु¥याउँदै समाधानका लागि आवाज उठाउने अभियान जारी राख्ने शर्माले बताए।

# सिँचाइ, मल र मौसमको मारमा महोत्तरीका किसान:

# ‘धानखेतीले अब धान्न गाह्रो भयो’



**मधेशदृष्टि**
**महोत्तरी।**

देशकै प्रमुख अन्नबाली धान उत्पादनका लागि परिचित महोत्तरीका किसान यस वर्ष पनि खेती कसरी टिकाउने भन्ने चिन्तामा छन् । समयमै सिँचाइको सुविधा नहुनु, आवश्यक समयमा गुणस्तरीय बीउ तथा मलखाद नपाइनु र वर्षेनी देखिने प्रतिकूल मौसमका कारण धानखेती किसानका लागि क्रमशः चुनौतीपूर्ण बन्दै गएको छ । धान यहाँका किसानको परिवार पाल्ने मुख्य आधार हो । तर बीउ राख्ने समयदेखि रोपाइँ, गोडमेल, स्याहार हुँदै उत्पादन भित्र्याउने बेलासम्म कुनै न कुनै समस्या दोहोरिरहँदा किसानमा धानखेतीप्रतिको उत्साह घट्दै गएको छ।

भङ्गाहा–४ पलारका किसान रामनारायण थारुका अनुसार धानखेतीको सबैभन्दा ठूलो आधार पानी हो । तर आकाशे पानीमै निर्भर हुनुपर्दा खेतीको भविष्यबारे हरेक वर्ष चिन्ता गर्नुपर्ने अवस्था छ । ‘धानबालीका लागि सिँचाइ नै मुख्य कुरा हो। आकाशे पानीको भरमा खेती गर्नुपरेको छ । बालीलाई आवश्यक समयमा वर्षा नहुँदा रोपाइँ कसरी गर्ने भन्ने चिन्ता हुन्छ,’ थारुले भने, ‘खेतीको समयमा बीउ र मलसमेत सहजै पाइँदैन । अब धानखेतीबाटै परिवार धान्न सकिएला जस्तो लाग्न छाडेको छ।’

७० वर्षीय थारुका अनुसार पुस्तौँदेखि परिवारले गर्दै आएको खेतीप्रतिको भरोसा पछिल्ला वर्षमा कमजोर हुँदै गएको छ । भङ्गाहा–४ कै ८० वर्षीय चौठी बाँतर पनि विगत र अहिलेको खेती प्रणालीमा ठूलो अन्तर आएको बताउँछन् । उनका अनुसार पहिले धान रोप्ने, गाँजिने र पाक्ने समयसँगै पानी पर्ने गर्थ्यो । किसानले आवश्यक बीउ आफैं सुरक्षित राख्थे र अहिलेको जस्तो रोग तथा कीराको समस्या पनि कम थियो । ‘पहिले खेतीका लागि पानीका मूल प्रशस्तै थिए । किसानले आफैं बीउ जोगाएर राख्थे । रोगव्याधि पनि अहिलेको जस्तो थिएन,’ पुराना दिन सम्झँदै बाँतरले भने, ‘देख्दादेख्दै ती पानीका मूल हराए । अहिलेको अवस्था हेर्दा समय नै बदलिएको जस्तो लाग्छ।’

**१० प्रतिशत खेतमा मात्रै कुलो–नहर**

महोत्तरीमा धानखेतीका लागि आवश्यक सिँचाइ सुविधा अत्यन्त सीमित रहेको तथ्याङ्कले देखाउँछ । जिल्लामा करिब ७१ हजार हेक्टर खेतीयोग्य जमिन रहेपनि कुल खेतीयोग्य क्षेत्रफलको करिब १० प्रतिशतमा मात्रै कुलो वा नहरको पहुँच पुगेको कृषि ज्ञान केन्द्र महोत्तरीको तथ्याङ्क छ । भूमिगत जलस्रोतसमेत प्रयोग गर्दा जिल्लाको करिब ३० प्रतिशत खेतीयोग्य जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको कार्यालयले जनाएको छ।

सिँचाइ सुविधा पुगेको भनिएका कतिपय क्षेत्रमा पनि पानीका मुहान सुक्दै गएका छन् । धानलाई अन्य धेरै बालीको तुलनामा बढी पानी आवश्यक पर्ने भएकाले पर्याप्त सिँचाइ नहुँदा रोपाइँदेखि उत्पादनसम्म असर पर्ने किसान बताउँछन् । बलवा–११ का किसान उत्तिम माझीका अनुसार आकाशे पानीमा निर्भर किसानले हरेक वर्ष मौसमको अनिश्चितता सामना गर्नुपर्छ । ‘सिँचाइ मुख्य समस्या हो नै, त्यससँगै समयमा राम्रो बीउ र मल पाउन पनि भौतारिनुपर्छ,’ माझीले भने, ‘धान रोप्ने समयमा मजदुरसमेत पाइँदैनन् । यस्तो अवस्थामा खेती धान्नै गाह्रो भइरहेको छ।’

**खडेरीले घटायो रोपाइँ, बाढीले घटायो उत्पादन**

महोत्तरीमा धानखेतीको क्षेत्रफल र उत्पादन वर्षअनुसार ठूलो उतारचढाव देखिन्छ । कृषि ज्ञान केन्द्रका अनुसार विगतमा अनुकूल वर्षा हुँदा जिल्लामा ४५ देखि ५० हजार हेक्टरसम्म धानखेती हुने गरेको थियो । जिल्ला कृषि विकास कार्यालयमा कृषि अधिकृतका रूपमा काम गरेका रामबहादुर भुजेलले २०५४/५५ सालअघिका वर्ष सम्झँदै त्यतिबेला धानखेतीको क्षेत्रफल ४५ हजार हेक्टरभन्दा माथि पुग्ने गरेको बताए।

पछिल्ला वर्षको तथ्याङ्कले पनि मौसमसँगै धानखेतीको क्षेत्रफल बदलिएको देखाउँछ । २०८० सालमा जिल्लामा ४० हजार ३२१ हेक्टरमा धानखेती गरिएको थियो भने २०८१ सालमा यो क्षेत्रफल बढेर ४२ हजार ५०० हेक्टर पुगेको थियो । तर २०८२ सालमा लामो समयसम्म परेको खडेरीका कारण धान रोपाइँको क्षेत्रफल घटेर ३० हजार ९८६ हेक्टरमा सीमित भयो।

रोपिएको धानसमेत असोज दोस्रो साताको वर्षा र बाढीबाट प्रभावित हुँदा उत्पादन ८० हजार १७७ मेट्रिकटनमा सीमित भएको कृषि ज्ञान केन्द्र महोत्तरीका सूचना अधिकारी तथा कृषि विज्ञ अविरलकुमार महतोले जानकारी दिए । यस वर्ष भने गत वर्षको तुलनामा धानखेतीको क्षेत्रफल केही बढेको छ । पर्याप्त वर्षा नभए पनि किसानले वैकल्पिक रूपमा पानीको व्यवस्था गर्दै करिब ३६ हजार हेक्टरमा धान रोपाइँ गरेको महतोले बताए । उनका अनुसार धान काट्ने र दाइँ गर्ने समयसम्म मौसम अनुकूल रहे यस वर्ष जिल्लाको धान उत्पादन एक लाख मेट्रिकटनभन्दा बढी पुग्न सक्ने कार्यालयको अनुमान छ । तर त्यसको मुख्य आधार अझै पनि पानीकै उपलब्धतामा निर्भर छ।

**नदी–खोला छन्, खेतमा पानी छैन**

पाका किसानका अनुसार महोत्तरीमा बर्सेनि धानखेतीको क्षेत्रफल र उत्पादनमा आउने फरकको प्रमुख कारण मौसमको अनुकूलता वा प्रतिकूलता हो । भङ्गाहा–५ भूचक्रपुरका ७० वर्षीय किसान दीपनारायण चौधरी थारु पछिल्लो एक दशकमा किसानले चाहेजति धानखेती गर्न नसकेको बताउँछन्।

‘पछिल्ला १० वर्षमा कहिल्यै सोचेजति धान रोप्न पाइएको छैन । पानी, बीउ र मलको अभाव मुख्य समस्या हो,’ उनले भने, ‘हाम्रा बस्ती वरिपरि नदी, खोला र जलाधार क्षेत्र प्रशस्तै छन् । तर तिनलाई व्यवस्थित गरेर खेतसम्म पानी पु¥याउने व्यवस्था हुन सकेको छैन ।’ उनका अनुसार सिँचाइका लागि वरदान बन्नुपर्ने नदी तथा खोलाहरू उचित व्यवस्थापनको अभावमा उल्टै बाढीका बेला खेत, घर र बालीनालीमा क्षति पुर्‍याउने स्रोत बनेका छन्।

**‘किसानलाई टिकाउन राज्यले लगानी गर्नुपर्छ’**

कृषि क्षेत्रका जानकार तथा पाका किसानले धानखेतीलाई पुनः आकर्षक र टिकाउ बनाउन तीनै तहका सरकारले सिँचाइ, गुणस्तरीय बीउ, समयमै मल तथा सहज कृषि ऋणको व्यवस्था गर्नुपर्ने बताएका छन् । उत्पादनमा उचित अनुदान र किसानलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सके परम्परागत खेतीलाई पुनः मजबुत बनाउन सकिने उनीहरूको भनाइ छ।

भङ्गाहा–६ सग्रामपुरका कृषि क्षेत्रबाट अवकाशप्राप्त कृषिविज्ञ जासर यादवका अनुसार धानलगायत परम्परागत बाली उत्पादनको लागत निरन्तर बढ्दै गएको छ । लागत बढे पनि उत्पादन र बजारको सुनिश्चितता नहुँदा किसानको आर्थिक क्षमता कमजोर हुँदै गएको उनको भनाइ छ । ‘सिँचाइको अभाव, समयमा मल–बीउको अनिश्चितता र बदलिँदो मौसमको मारबीच महोत्तरीका किसानको प्रश्न अब केवल ‘कति धान उत्पादन गर्ने ?’ भन्नेमा सीमित छैन, मुख्य प्रश्न नै ‘धानखेतीबाट परिवार कसरी धान्ने?’ बन्न पुगेको छ।’

# ११ क्विन्टलभन्दा बढी गाँजा बरामद, पिकअप र मोटरसाइकल नियन्त्रणमा



**मधेशदृष्टि**
**सिरहा।**

सिरहाको सुखीपुरबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा अवैध गाँजा बरामद गरेको छ । विशेष सूचनाका आधारमा गरिएको कारबाहीमा ११ क्विन्टलभन्दा बढी गाँजासहित ओसारपसारमा प्रयोग भएको बोलेरो पिकअप र मोटरसाइकल नियन्त्रणमा लिइएको हो । सुखीपुर नगरपालिका–१० स्थित विश्वकर्मा चोक नजिक गागन खोलाको पुल क्षेत्रमा गएराति करिब १ बजे सशस्त्र प्रहरीको संयुक्त गस्ती टोलीले शंकास्पद अवस्थामा दुईवटा सवारीसाधन फेला पारेको थियो।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण, सुरक्षा बेस गोलबजार र सुरक्षा बेस सुखीपुरबाट परिचालित संयुक्त टोलीले बा १४ च २९४ नम्बरको बोलेरो पिकअप र त्यसलाई पछाडिबाट स्कर्टिङ गर्दै अघि बढिरहेको स ६ प ४८५९ नम्बरको मोटरसाइकल नियन्त्रणमा लिएको हो । गस्ती टोलीले सवारीसाधन रोक्न संकेत गरेपछि दुवै सवारीका चालकले प्रहरीलाई देख्नेबित्तिकै सवारीसाधन त्यहीँ छाडेर फरार भएको सशस्त्र प्रहरीले जनाएको छ।

त्यसपछि बोलेरो पिकअपको खानतलासी गर्दा पछाडिको भागमा २६ वटा जुटका बोरा फेला परेका थिए । ती बोराभित्र लुकाएर राखिएको अवस्थामा १ हजार १०२ दशमलव ६५५ किलोग्राम अर्थात् ११ क्विन्टल २ किलोभन्दा बढी गाँजा बरामद भएको प्रहरीले जनाएको छ । रातको समयमा ठूलो परिमाणमा गाँजा सवारीसाधनमार्फत ओसारपसार भइरहेको भेटिएपछि प्रहरीले यसलाई सीमापार तस्करीसँग जोडेर अनुसन्धान अघि बढाएको छ । प्रारम्भिक अनुसन्धानमा बरामद गाँजा भारततर्फ लैजाने उद्देश्यले ओसारपसार गरिएको हुनसक्ने प्रहरीको अनुमान छ।

बरामद गाँजा, बोलेरो पिकअप र मोटरसाइकललाई आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालय तथा नेपाल प्रहरीको जिम्मा लगाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ । घटनापछि फरार भएका दुवै चालकको खोजी तीव्र पारिएको छ । साथै गाँजा ओसारपसारमा संलग्न सम्भावित व्यक्ति तथा समूहको पहिचानका लागि प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# क्याम्पसको खर्च विवरण सार्वजनिक गर्न माग, चरणबद्ध आन्दोलनको चेतावनी



**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पस (राराब) का विद्यार्थीहरूले क्याम्पस प्रशासनले अतिथि सत्कार, खाना तथा नास्तालगायतका शीर्षकमा गरेको खर्चको विवरण सार्वजनिक गर्न माग गरेका छन् । आन्दोलनरत विद्यार्थीहरूले बिहीबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै क्याम्पसको आर्थिक कारोबार पारदर्शी बनाउन माग गरेका हुन् । उनीहरूले विभिन्न शीर्षकमा भएको खर्चबारे स्पष्ट जानकारी नदिए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएका छन्।

राराब क्याम्पस स्ववियुका पूर्वसभापति मनिष यादवले आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षणसम्बन्धी टीडीएस विवरणमा निर्मला श्रेष्ठको नाममा ४० लाख ८५ हजार ६ सय ६५ रुपैयाँ र शारदा देवी लामिछानेको नाममा ८ हजार ६ सय रुपैयाँ भुक्तानी भएको देखिएको दाबी गरे । उक्त रकम कुन प्रयोजनमा खर्च गरिएको हो भन्नेबारे क्याम्पस प्रशासनले स्पष्ट पार्नुपर्ने यादवको माग छ । शिक्षण संस्थामा अतिथि सत्कारलगायतका शीर्षकमा ठूलो रकम खर्च भएको भन्दै उनले क्याम्पसको आर्थिक गतिविधिमाथि प्रश्न उठाएका छन्।

राराब क्याम्पस जनकपुरधामको महत्वपूर्ण शैक्षिक संस्था भएकाले आर्थिक कारोबार पारदर्शी हुनुपर्ने र आर्थिक अनियमितता हुन नदिन विद्यार्थीहरूले खबरदारी गरिरहेको यादवले बताए । विद्यार्थी रञ्जित मण्डलले क्याम्पस प्रशासन, कर्मचारी तथा ठेकेदारहरू विद्यार्थीको शैक्षिक हितभन्दा व्यक्तिगत स्वार्थमा केन्द्रित भएको आरोप लगाए । कर्मचारी र ठेकेदारको मिलेमतोमा कमिसनको खेल भइरहेको आरोप लगाउँदै उनले क्याम्पसबाट कस्मेटिक पसलमा समेत भुक्तानी भएको दाबी गरे।

कस्मेटिक सामग्री खरिदको आवश्यकता र त्यसबापत गरिएको भुक्तानीको औचित्यमाथि समेत मण्डलले प्रश्न उठाएका छन् । विद्यार्थीहरूले क्याम्पसको सम्पूर्ण आय–व्यय सार्वजनिक गर्नुपर्ने, आर्थिक कारोबार पारदर्शी बनाउनुपर्ने, स्मार्ट कक्षाकोठा र स्मार्ट पुस्तकालय निर्माण गर्नुपर्ने तथा नियमित रूपमा कक्षा सञ्चालन गर्नुपर्ने माग अघि सारेका छन् । माग सम्बोधन नभए चरणबद्ध आन्दोलनलाई निरन्तरता दिने विद्यार्थीहरूले चेतावनी दिएका छन्।

# प्रप्रअ अधिकृत हाजिर नभए

# शिक्षा र स्वास्थ्य शाखामा पनि तालाबन्दी गरिने



**मधेशदृष्टि**
**जनकपुरधाम।**

महोत्तरीको भंगहा नगरपालिकाका नगरप्रमुख संजीवकुमार साहले प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा हाजिर नभए आगामी सोमबारदेखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गर्ने चेतावनी दिएका छन्।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा डेढ महिनादेखि नगरपालिकाको दैनिक प्रशासनिक काम प्रभावित भएको भन्दै नगरप्रमुख साहले तत्काल अधिकृतको व्यवस्था गर्न माग गरेका छन् । उनका अनुसार प्रमुख प्रशासकीय अधिकृतका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग पटकपटक आग्रह गरिए पनि समस्या समाधान भएको छैन।

अधिकृत नहुँदा चाडपर्वको समयमा कर्मचारीको तलब भुक्तानीसमेत प्रभावित भएको साहले बताएका छन् । प्रशासनिक नेतृत्वको अभावमा नगरपालिकाको नियमित काम सञ्चालन गर्न कठिनाइ भएको उनको भनाइ छ।

यसअघि नगरप्रमुख साहले गत सोमबार नगरपालिका कार्यालयसहित ९ वटै वडा कार्यालयमा तालाबन्दी गरेका थिए । तालाबन्दीको साँचो जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बुझाउँदै उनले प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएसम्म नगरपालिका सञ्चालनमा समस्या रहने बताएका थिए।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत भदौ १ गते खिमराज भुसाललाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो । तर, भुसाल हालसम्म कार्यालयमा हाजिर भएका छैनन्।

प्रमुख प्रशासकीय अधिकृत हाजिर हुने अवस्था तत्काल नबने आगामी सोमबारदेखि शिक्षा तथा स्वास्थ्य शाखामा समेत तालाबन्दी गर्ने साहले बताएका छन् । नगरपालिकाको प्रशासनिक काम र सेवा प्रवाह प्रभावित भइरहेकाले समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयले तत्काल पहल गर्नुपर्ने उनको माग छ।

# खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नतिको लागि बजेट माग



**मधेशदृष्टि**
**वीरगंज।**

पर्सा निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य सुशीलकुमार कानुले बीरगंजका खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि विशेष बजेटको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । बिहीबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सांसद कानुले नारायणी रंगशाला र टिबी शाह क्रिकेट मैदानको निर्माण तथा विकासलाई प्राथमिकताका साथ अघि बढाउन सरकारको ध्यानाकर्षण गराएका हुन्।

बीरगंजले मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पु¥याउँदै आएको तथा विभिन्न राजनीतिक परिवर्तनमा समेत भूमिका खेलेको उल्लेख गर्दै उनले खेलकुद पूर्वाधारका क्षेत्रमा भने बीरगंज अझै पर्याप्त प्राथमिकतामा पर्न नसकेको बताए । नारायणी रंगशालाको स्तरोन्नतिका लागि सरकारले २५ करोड रुपैयाँ विनियोजन गरेकोमा उनले सकारात्मक रूपमा लिँदै सरकारलाई धन्यवाद दिए।

तर, आगामी ११औँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई समेत ध्यानमा राखेर टिबी शाह क्रिकेट मैदान निर्माण तथा स्तरोन्नतिका लागि आवश्यक बजेट तत्काल सुनिश्चित गर्नुपर्ने उनको माग छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन